जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily



**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।



वर्ष : ४ | अंक : ४० | २०८३ साल जेठ १२ गते, मंगलबार | Tuesday, May.– 26 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४


## बारामा ८१ प्रतिशत आर्थिक गणना सम्पन्न

*"गणक आर्थिक एकाइमा पुगेपछि व्यवसायीहरू उत्साहित"*





**संवाहक सम्वादाता-११ जेष्ठ, कलैया**
राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत बारामा हालसम्म करिब ८१ प्रतिशत स्थलगत तथ्याङ्क संकलन सम्पन्न भएको छ। जिल्ला आर्थिक गणना कार्यालय बाराका अनुसार गणक तथा सुपरिवेक्षकहरूको सक्रियताका कारण अपेक्षाभन्दा छिटो प्रगति हासिल भएको हो।

यसै सन्दर्भमा जिल्ला आर्थिक गणना अधिकारी राजेश दाससँग गरिएको विस्तृत कुराकानीः

प्रश्नः राष्ट्रिय आर्थिक गणना-२०८२ भनेको के हो?

उत्तरः राष्ट्रिय आर्थिक गणना नेपाल सरकारद्वारा सञ्चालन गरिएको एक महत्वपूर्ण राष्ट्रिय अभियान हो। कुनै निश्चित स्थानमा वस्तु उत्पादन, बिक्री वा सेवा प्रदान गर्ने सबै प्रकारका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठानहरूको विवरण संकलन गर्ने कार्य नै आर्थिक गणना हो। नेपालमा सन् २०१८ (वि.सं. २०७५) मा पहिलोपटक आर्थिक गणना सम्पन्न गरिएको थियो।

प्रश्नः आर्थिक गणनाको मुख्य उद्देश्य के हो?

उत्तरः आर्थिक तथ्याङ्क उत्पादन गर्नु, नीति निर्माणका लागि आधार तयार गर्नु, विकास योजना निर्माण गर्नु, अर्थतन्त्रको वास्तविक आकार निर्धारण गर्नु, रोजगारीको अवस्था विश्लेषण गर्नु तथा लगानी प्रवर्द्धन गर्नु यसको मुख्य उद्देश्य हो।

प्रश्नः संकलित विवरण गोप्य रहन्छ कि सार्वजनिक गरिन्छ?

उत्तरः तथ्याङ्क ऐन, २०७९ अनुसार संकलित सबै विवरण पूर्ण रूपमा गोप्य रहन्छ। व्यक्तिगत व्यवसाय वा प्रतिष्ठानको विवरण सार्वजनिक गरिँदैन, केवल समष्टिगत तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिन्छ।

प्रश्नः बारा जिल्लामा हालसम्मको प्रगति कस्तो छ?

उत्तरः हालसम्म जिल्लामा करिब ८१ प्रतिशत स्थलगत तथ्याङ्क संकलन सम्पन्न भएको छ। सबै पालिकाहरूमा गणक तथा सुपरिवेक्षक टोली सक्रिय रूपमा कार्यरत छन्। विशेषगरी कलैया उपमहानगरपालिका, जितपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका र महागढीमाई नगरपालिका क्षेत्रमा राम्रो प्रगति भएको छ। बाँकी क्षेत्रमा पनि काम तीव्र रूपमा अघि बढिरहेको छ।

प्रश्नः कुन-कुन क्षेत्रहरू आर्थिक गणनामा समेटिएका छन्?

उत्तरः कृषि (दर्ता भएका मात्र), वन तथा माछापालन, खानी तथा उत्खनन्, औद्योगिक उत्पादन, विद्युत, ग्यास, पानी आपूर्ति, निर्माण, व्यापार, यातायात, आवास तथा भोजन सेवा, सूचना तथा सञ्चार, वित्तीय तथा बीमा, घरजग्गा कारोबार, पेशागत तथा प्राविधिक सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक कार्य, मनोरञ्जन तथा अन्य सबै प्रकारका सेवा क्षेत्र समेटिएका छन्।

प्रश्नः गणकहरूलाई कस्ता चुनौती देखिएका छन्?

उत्तरः कतिपय व्यवसायीहरू कार्यालय वा पसलमा अनुपस्थित हुनु, केहीले विवरण दिन हिच्किचाउनु, फोन सम्पर्क नहुनु तथा व्यस्त बजार क्षेत्रमा समय व्यवस्थापन कठिन हुनु प्रमुख चुनौती हुन्। यद्यपि अधिकांश स्थानमा राम्रो सहयोग प्राप्त भइरहेको छ।

प्रश्नः व्यवसायीहरूको प्रतिक्रिया कस्तो छ?

उत्तरः धेरैजसो व्यवसायीहरूले आर्थिक गणनालाई सकारात्मक रूपमा लिएका छन्। उनीहरूको भनाइमा सही तथ्याङ्क संकलन भएमा सरकारले उद्योग तथा व्यापार क्षेत्रलाई लक्षित नीति

बाँकी तेस्रो पृष्ठमा

## सरकारद्वारा मन्त्रिपरिषद्का ४ महत्वपूर्ण निर्णय सार्वजनिक

**काठमाडौं, जेठ ११ –**
सरकारले सोमबार बसेको मन्त्रिपरिषद् बैठकका चार महत्वपूर्ण निर्णय सार्वजनिक गरेको छ। बैठकले हवाई प्रशासन, ऊर्जा, कृषि र सहकारी क्षेत्रसँग सम्बन्धित निर्णयहरू गरेको हो।

सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN) को महानिर्देशकमा सहसचिव मुकेश डंगोललाई नियुक्त गरिएको छ। यससँगै देशको नागरिक उड्डयन नियामक निकायको नेतृत्वमा नयाँ नियुक्ति भएको हो।

त्यस्तै, नेपाल-चीन जोड्ने चिलिमे-केरुङ विद्युत् प्रसारण लाइन आयोजना कार्यान्वयनका लागि चीन सरकारलाई पठाइने प्रत्युत्तर पत्र (लेटर अफ रिप्लाई) स्वीकृत गरिएको छ। उक्त आयोजना ऊर्जा पूर्वाधार विस्तार



तथा अन्तरदेशीय विद्युत् व्यापारका दृष्टिले महत्वपूर्ण मानिन्छ।

कृषि क्षेत्रमा सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ। अनुसार मोटो धानको मूल्य प्रतिक्विन्टल रु ३,६६० र मध्यम धानको रु ३,८६० तोकिएको छ। यस निर्णयले किसानलाई न्यूनतम मूल्य सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।

यसैगरी, सहकारी क्षेत्रमा देखिएको बेथिति सम्बन्धी जाँचबुझ आयोग २०८२ को प्रतिवेदन सार्वजनिक गर्ने निर्णय पनि बैठकले गरेको छ। उक्त प्रतिवेदन सार्वजनिक भएपछि सहकारी क्षेत्र सुधार र पारदर्शितामा योगदान पुग्ने सरकारको अपेक्षा छ। सरकारले यी निर्णयहरूलाई कार्यान्वयनमा लैजाने जनाएको छ।

## सीमावर्ती सिम्रौनगढमा तस्करीको संगठित जालो, "उच्च तहसम्म सेटिङ" रहेको स्थानीयको गम्भीर आरोप

**कलैया/सिम्रौनगढ, जेठ ११–**
बाराको सीमावर्ती क्षेत्र सिम्रौनगढमा संगठित तस्करी गतिविधि झन् तीव्र हुँदै गएको भन्दै स्थानीयवासीले सुरक्षा संयन्त्रमाथि गम्भीर आरोप लगाएका छन्। इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक किसुनदेव साहको संरक्षणमा तस्करी कारोबार निर्बाध रूपमा सञ्चालन भइरहेको स्थानीयको आरोप छ।



स्थानीय स्रोतका अनुसार जिल्ला र प्रदेश तहसम्म "लाइन मिलाएर" ठूला तस्करी सञ्जाल सञ्चालन भइरहेको दाबी गरिएको छ। साना-साना सामग्री नियन्त्रण गर्ने नाममा मुख्य तस्करी गिरोहलाई संरक्षण दिइएको र "धमिलो पानीमा माछा मार्ने" शैलीमा ठूला कारोबारीलाई जोगाउने काम भइरहेको आरोप स्थानीयले लगाएका छन्।

सिम्रौनगढ क्षेत्रका नामुद कपडा तस्करहरू भोला साह लायतकाले रातको समयमा मोटरसाइकलमार्फत ठूलो परिमाणमा कपडा ढुवानी गर्दै आएको बताइएको छ। ती गतिविधि सामाजिक सञ्जालदेखि विभिन्न सञ्चारमाध्यमसम्म समेत देखिन थालेको स्थानीयको भनाइ छ।

त्यस्तै भारतीय तस्कर अरबिन्द साह, उपेन्द्र लगायतले सिम्रौनगढमै आधार जमाएर ठूलो परिमाणमा अवैध कारोबार

बाँकी तेस्रो पृष्ठमा

## दुर्गा प्रसाईविरुद्धको मुद्दामा सुनुवाइ स्थगित

**संवाहक सम्वादाता-११ जेष्ठ, कलैया**
मेडिकल व्यवसायी तथा 'राष्ट्र, राष्ट्रियता तथा नागरिक बचाउ अभियान'का अध्यक्ष दुर्गा प्रसाईविरुद्ध दायर मुद्दामा सोमबारको सुनुवाइ स्थगित भएको छ।



जिल्ला अदालत पर्साका अनुसार समयमै मुद्दाको मिसिल अदालतमा पेश नभएकाले सुनुवाइ हुन नसकेको हो। अदालतले उक्त मुद्दालाई 'हेर्दाहेर्दैमा' राखेको जनाएको छ।

यसअघि बिहीबार अदालतले प्रसाईंलाई चार दिन हिरासतमा राख्न अनुमति दिएको थियो। त्यसपछि शुक्रबार सर्वोच्च अदालतले थप म्याद नबढाउन आदेश दिएको थियो। आफूलाई गैरकानुनी रूपमा हिरासतमा राखिएको दाबी गर्दै प्रसाईंको तर्फबाट बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गरिएको थियो।

सो निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र नित्यानन्द पाण्डेयको इजलासले रिट खारेज गर्दै सरकारका नाममा आवश्यक आदेश जारी गरेको थियो।

प्रसाईंलाई पर्सामा आयोजित एक कार्यक्रममा सहभागी हुन पुगेका बेला प्रहरीले पक्राउ गरेको थियो। सामाजिक सञ्जाल तथा विभिन्न सञ्चारमाध्यममार्फत सार्वजनिक नैतिकता, शिष्टाचार तथा जातीय र साम्प्रदायिक सद्भावमा असर पुग्ने अभिव्यक्ति दिएको आरोपमा उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## हावाहुरीले जितपुरसिमरामा ४५ घरमा क्षति

**जितपुर, जेठ ११ –**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रमा आएको शक्तिशाली हावाहुरीले जनजीवन प्रभावित भएको छ। शनिबार राति आएको हावाहुरीका कारण ४५ घरमा पूर्ण तथा आंशिक क्षति पुगेको छ।



हावाहुरीले घरहरूको छाना उडाउने, पर्खाल भत्काउने तथा विभिन्न संरचनामा क्षति पुऱ्याएको छ। साथै, रुख ढल्दा सडक अवरुद्ध हुनुका साथै विद्युत् आपूर्ति समेत प्रभावित भएको स्थानीय प्रशासनले जनाएको छ।

घटनापछि उपमहानगरपालिकाका मेयर राजन पौडेल र उपमेयर भोला अधिकारी सहित नगर प्रहरीको टोलीले आइतबार प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको थियो। अनुगमनका क्रममा क्षतिको प्रारम्भिक विवरण संकलन गरिएको छ। हावाहुरीका कारण अमलेखगञ्ज-चकरी सडक खण्ड केही समय अवरुद्ध भएको थियो भने नगर प्रहरीको पहलमा ढलेका रुख हटाएपछि यातायात पुनः सञ्चालनमा आएको छ। यस्तै, चकरी-डम्बरपुर सडक खण्डमा समेत रुख ढलेपछि विद्युत् सेवा प्रभावित भएको थियो।

स्थानीयहरूले पछिल्ला वर्षहरूमा देखिएको सबैभन्दा शक्तिशाली हावाहुरीमध्ये एक भएको प्रतिक्रिया दिएका छन्। उपमहानगरपालिकाले क्षतिको विस्तृत विवरण संकलन तथा राहत व्यवस्थापनको प्रक्रिया अघि बढाएको जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# जातीय उत्पीडन अन्त्यका लागि अब शब्द होइन, कार्य चाहिन्छ

काठमाडौंको माइतीघर मण्डलामा भएको जातीय उत्पीडनविरुद्धको प्रदर्शन केवल विरोधको अभिव्यक्ति मात्र होइन, नेपाली समाजको गहिरो संरचनागत विभेदविरुद्ध उठेको चेतावनी हो। संविधानले समानता, सामाजिक न्याय र विभेदरहित समाजको प्रत्याभूति गरे पनि व्यवहारमा जातीय उत्पीडन, छुवाछूत र विभेदका घटना अझै दोहोरिनु हाम्रो लोकतान्त्रिक यात्रामाथिको गम्भीर प्रश्न हो। छ वर्षअघि रुकुम सोति हत्यामा नवराज बिक लगायत ६ युवाको हत्या नेपाली समाजमा जरा गाडेको जातीय विभेदको भयावह उदाहरण बनेको थियो। त्यो घटनाले देशलाई झकझक्याए पनि त्यसपछिका वर्षहरूमा यस्ता विभेदजन्य घटना पूर्णतः रोकिएका छैनन्। यसले देखाउँछ–समस्या केवल कानुनको अभाव होइन, कार्यान्वयनको कमजोरी र सामाजिक चेतनाको कमी पनि हो। माइतीघरमा उठेका आवाजहरू न्याय, समानता र मानवीय सम्मानका पक्षमा छन्। अन्तरजातीय प्रेम वा विवाहकै कारण कसैले ज्यान गुमाउनुपर्ने अवस्था सभ्य समाजका लागि कलंक हो। लोकतन्त्र केवल निर्वाचन, सरकार परिवर्तन वा राजनीतिक अधिकारको नाम मात्र होइन; यो सामाजिक समानता र प्रत्येक नागरिकको सम्मानसँग गाँसिएको मूल्य हो। जबसम्म समाजका एक वर्गले जन्मकै आधारमा अपमान, बहिष्कार र हिंसा सहनुपर्छ, तबसम्म लोकतन्त्रको सफलता अधुरो रहन्छ।

प्रदर्शनकारीहरूले उठाएका माग–भूमिहीन दलितलाई खेतीयोग्य जमिन, दलित विद्यार्थीका लागि छात्रवृत्तिसहित निःशुल्क शिक्षा, र दलित हत्या घटनाको निष्पक्ष छानबिनका लागि स्वतन्त्र आयोग गठन–भावनात्मक नारामात्र होइनन्; यी सामाजिक न्यायका आधारभूत आवश्यकता हुन्। राज्यले यस्ता मागलाई केवल सुनुवाइको औपचारिकतामा सीमित राख्नु हुँदैन। जातीय उत्पीडन अन्त्यका लागि कानुनी कठोरता, प्रभावकारी कार्यान्वयन, शैक्षिक सचेतना र सामाजिक रूपान्तरण सँगसँगै अघि बढ्नुपर्छ। सरकार, राजनीतिक दल, नागरिक समाज र आमजनता सबैले आफ्नो जिम्मेवारी स्वीकार्नुपर्ने बेला आएको छ। अब प्रश्न यो होइन कि जातीय विभेद छ कि छैन; प्रश्न यो हो–यसलाई अन्त्य गर्न राज्य र समाज कति गम्भीर छन्? माइतीघरबाट उठेको आवाजले यही जवाफ मागिरहेको छ। नेपाललाई साँच्चिकै समतामूलक र सभ्य राष्ट्र बनाउने हो भने अब शब्द होइन, ठोस कार्य आवश्यक छ।

# संविधान संशोधनका कार्यसूची




राष्ट्रिय सभामा उच्च शैक्षिक योग्यता भएको, उच्च नैतिकता र त्यागको धरोहर भएको, अन्तर्राष्ट्रिय छवि निर्माण गरेको, नाम प्रस्ताव गर्दा पार्टीकै सार्वजनिक छवि माथि उठ्ने व्यक्ति निर्वाचित हुनु पर्छ। पार्टी कार्यकर्ताको भर्तीकेन्द्र बनाउन, पार्टीमा कतै स्थान नपाएकालाई फकाउन, थन्क्याउन वा निर्वाचनमा पराजितलाई व्यवस्थापन गर्ने दुष्प्रयासले निरन्तरता पाउने हो भने एक सदनात्मक प्रतिनिधि सभाकै व्यवस्था गर्दा हुन्छ।



कृष्णहरि बास्कोटा

संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलले पङ्क्तिकारसहित पूर्वराष्ट्रसेवकलाई छलफलका लागि आमन्त्रण गरेको थियो। छलफलमा संविधानमा २५ जना मन्त्री रहने व्यवस्था रहेकोतर्फ ध्यानाकर्षण गराइएको थियो, यद्यपि मन्त्रीपरिषद्ले मन्त्रालयको सङ्ख्या १७ निर्धारण गरिसकेको छ। जापानमा १२ वटा मन्त्रालय छन्। अमेरिकामा साबिकमा ११ वटा मन्त्रालय रहेकोमा हाल १५ वटा कायम छन्। हाम्रो मन्त्रीको आकार पनि सीमित गरी मन्त्रालयगत सेवा, समूह कायम गर्न पाए पेसागत विज्ञता विकास हुनुका साथै अन्तर मन्त्रालय सरुवाको समस्या पनि स्वतः समाप्त हुने थियो। प्रदेशमा पनि अधिकतम सात वटा मन्त्रालय रहने तथा स्थानीय तहमा पनि अधिकतम पाँच वटा क्षेत्रमा मात्रै बजेट विनियोजन हुने वर्तमान प्रणालीलाई नै निरन्तरता दिनु बुद्धिमानी हुने छ।

संविधान घोषणा गर्दा केही असहज स्थिति थियो। त्यसका कारण तीन तहका सरकारको अधिकार विभाजन गर्ने अनुसूची ५ देखि ९ सम्ममा एउटै कार्यक्षेत्र एकभन्दा बढी तहका सरकारको कोर्टमा परेको छ। संविधान संशोधन गर्दा तीन तहका सरकारको अधिकार सूचीमा भरसक एउटै अधिकार एकभन्दा बढी स्थानमा नराख्ने गरी सजगता अपनाउनु पर्छ। साझा अधिकारको सूची पनि छोटो बनाउनु पर्छ। तिनै तहका सरकारको अधिकारक्षेत्रलाई स्पष्टताका लागि एकल अधिकारको सूचीलाई लामो बनाउनु उपयुक्त हुने छ। यसले तीन तहका सरकारबिचको अधिकारक्षेत्रको विवाद न्यून गर्न सघाउ पुर्‍याई आपसी सहकार्य, समन्वय र सहअस्तित्वको दायरालाई फराकिलो तुल्याउन मद्दत गर्ने छ।

हाल प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १६५ जना र ११० जना समानुपातिक प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ। यसमा अनिवार्य रूपमा सुधार गर्नु पर्छ; जसअनुसार १६५ जनाभित्रै हालको समानुपातिक 'क्लस्टर' अनुसार गोलाप्रथाद्वारा प्रत्यक्ष निर्वाचन गराउनु पर्छ। यसबाट प्रत्यक्ष निर्वाचित र समानुपातिक निर्वाचितबिचको विभेद अन्त्य हुने छ। प्रतिनिधि सभा पनि चुस्त, दुरुस्त र छरितो हुने छ। यही अनुपातमा राष्ट्रिय सभा र प्रदेश सभाको सङ्ख्या पनि घटाउनु पर्छ। वडा सदस्यको सङ्ख्या पनि चारबाट दुई जनामा झार्न सकिन्छ। यसरी अनावश्यक रूपमा भद्दा देखिएको निर्वाचित जनप्रतिनिधिको संस्थालाई छरितो तुल्याउन प्राप्त अवसरलाई उपयोग गर्नु पर्छ।

मुलुकले बहुदलीय व्यवस्था अवलम्बन गरेको छ। राष्ट्रिय सभामा समाजका विविध क्षेत्रबाट दलगत आधारमै राष्ट्रिय सभाका सदस्य निर्वाचित हुने हो। यसका लागि स्पष्ट मापदण्ड संविधानमै लेखिनु पर्छ; जस अनुसार आफ्नो क्षेत्रमा विशिष्टता हासिल गरी सार्वजनिक ख्याति हासिल गरेको हुनु पर्छ। दलभित्रै आन्तरिक निर्वाचनलगायतका प्रक्रियाबाट सर्वसम्मत र अब्बल देखिनु पर्छ। उच्च शैक्षिक योग्यता भएको, उच्च नैतिकता र त्यागको धरोहर भएको, अन्तर्राष्ट्रिय छवि निर्माण गरेको, निजको नाम प्रस्ताव गर्दा पार्टीकै सार्वजनिक छवि माथि उठ्ने व्यक्ति राष्ट्रिय सभामा निर्वाचित हुनु पर्छ। पार्टी कार्यकर्ताको भर्तीकेन्द्र बनाउन, पार्टीमा कतै स्थान नपाएकालाई फकाउन, थन्क्याउन वा निर्वाचनमा पराजितलाई व्यवस्थापन गर्ने दुष्प्रयासले निरन्तरता पाउने हो भने एक सदनात्मक प्रतिनिधि सभाकै व्यवस्था गर्दा हुन्छ।

हाल स्थानीय तहका प्रमुख र उपप्रमुख लगातार दुई पटकभन्दा बढी निर्वाचित हुन नपाउने व्यवस्था छ। यसलाई प्रधानमन्त्री, मन्त्री, सांसद, वडाध्यक्ष, वडा सदस्यलगायत सबैमा समान रूपमा लागु गर्नु पर्छ। यो नै प्राकृतिक न्यायको सिद्धान्त हो। एउटै व्यक्तिले १० वर्षभन्दा बढी अवसर पाउनु भनेको अर्काको अवसर खोस्नु हो। सरकारले सङ्घीय निजामती सेवा विधयेकको मसौदामा हाल पाँच वर्ष सेवा अवधि रहने सचिवको पदावधि दुई वर्षमा झार्ने प्रस्ताव गरेको छ। यही निर्ममता राजनीतिक क्षेत्रमा पनि लागु गर्दा मात्रै आर्जित ख्यातिले उचाइ पाउने छ। अन्यथा प्रतिशोध र पूर्वाग्रहबाट माथि उठ्न नसकेको आरोप खेप्नुपर्ने छ।

सङ्घीय शासनप्रणालीले सङ्घीय सरकार, सात वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार गरी ७६१ वटा सरकार स्थापना गरेको छ। यसमा ७७ वटा जिल्ला समन्वय समिति पनि जोड्दा ८३० वटा सरकार कायम छन्। यिनको सङ्ख्या घटाउनै पर्छ। एउटा सङ्घीय सरकार निर्विकल्प छ। नेपालको भूभाग र जनसङ्ख्या मनन गर्दा तीन वटा प्रदेश भए पुग्छ। स्थानीय तहको सङ्ख्या तीन सयमा झार्नु पर्छ। सिंहदरबार घर आँगनमै आएको आभास दिन मुलुकभित्र करिब सात हजारको सट्टा १५ हजार वटा वडा कार्यालय खडा गर्नु पर्छ। वडा कार्यालयलाई अधिकार, जनशक्ति र साधनस्रोत थप गर्नु पर्छ। यसबाट एकातिर प्रशासनिक खर्च घट्छ भने अर्कातिर धेरै सङ्ख्यामा संस्था र पदाधिकारीका कारण उब्जिएको वैमनस्यमा कमी आउने छ। जिल्ला समन्वय समितिलाई पालिकाहरूको नियमन गर्न सक्ने अधिकार दिनु पर्छ। यसो गर्दा कानुन निर्माणमा एकरूपता, राजस्वको दर निर्धारणमा समन्वय, शिक्षा र स्वास्थ्य सेवालाई अन्तरपालिकासम्म विस्तार गर्न र विकासनिर्माणको काममा गुणस्तर कायम गर्न सघाउ पुग्ने छ। बोलीचालीको भाषामा बागमतीमा धेरै पानी बगिसक्यो भनिन्छ। मुलुकको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका विविध पक्ष र विधामा आमूल परिवर्तन आएको छ। आममानिस शैक्षिक रूपमा पनि उच्च शिक्षा हासिल गर्न सक्षम भएका छन्। अब पनि जनतामा भिजेको मानिस निरक्षर पनि हुन सक्छ भन्ने काल्पनिक कोरा आदर्शबाट माथि उठ्नु पर्छ। सबै निर्वाचित पदाधिकारीका लागि शैक्षिक योग्यता तोक्नु पर्छ; जस अनुसार वडा सदस्य हुन कम्तीमा एसइई पास हुनु पर्छ। सोभन्दा माथि वडाध्यक्षलगायतमा स्नातक र स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने योग्यता राख्नु पर्छ।

न्यायाधीश, संवैधानिक अङ्गका पदाधिकारी, राजदूत, सचिवलगायतका उच्च पदमा प्रतिस्पर्धाबाट नियुक्ति गर्नु पर्छ। यसका लागि क्षेत्रगत रूपमा नेतृत्व पहिचान केन्द्र वा सर्च कमिटी गठन गर्नु पर्छ। यसमा समाजमा विशेष पहिचान निर्माण गरेका लब्धप्रतिष्ठित व्यक्ति रहनु पर्छ। उनीहरूले सार्वजनिक सूचनाबाट प्राप्त भएको नामावली र त्यो पदका लागि उपयुक्त व्यक्ति रहेको 'सर्टलिस्ट' तयार गर्नु पर्छ। यही सूचीकृत नामावलीबाट सरकारले उपयुक्त ढङ्गले प्रतिस्पर्धा गराई न्यायाधीश, राजदूत, संवैधानिक अङ्गका पदाधिकारी वा सचिवमा नियुक्ति गर्नु पर्छ। यस्तो सूची प्रत्येक वर्ष वा प्रत्येक छ महिनामा 'अपडेट' गर्ने प्रणाली बन्नु पर्छ। यसरी निर्माण भएको 'सर्टलिस्ट' सार्वजनिक गर्दा स्वतः सार्वजनिक सुनुवाइ भई सरकारलाई उपयुक्त व्यक्ति नियुक्ति गर्न सहयोग पुग्ने छ। 'राइट म्यान राइट प्लेस' बाटै मुलुकले अपेक्षित विकास र सुधारको मार्ग पहिचान गर्ने छ।

नेपाल सरकारले वैशाख १ देखि चैत मसान्तसम्मका लागि आर्थिक वर्ष तोक्नु पर्छ। यो नै सर्वाधिक उपयुक्त आव हुने छ। यसका लागि सरकारले एक पटक नौ महिनाको बजेट जारी गर्नु पर्छ। यसै अनुरूप निजी क्षेत्रलगायतले हिसाबकिताब राख्नुअघि पूर्वजानकारी दिनु पर्छ। हाल सङ्घीय सरकारको बजेट जेठ १५ गते जारी गर्ने कुरा संविधानमा लेखिएको छ। यसको सट्टा स्थानीय सरकारको बजेट जेठ १५ गते, प्रदेश सरकारको असार १ गते र सङ्घीय सरकारको बजेट असार १५ गते जारी हुने व्यवस्था गर्दा उपयुक्त हुने छ। स्थानीय तह र प्रदेश सरकारको बजेटको आधार सो सरकारको राजस्व असुलीले निर्धारण गर्ने कानुनी व्यवस्था गर्नु पर्छ। यसबाट हरेक सरकार आफ्नो आन्तरिक राजस्वका बलमा आत्मनिर्भरतातर्फ उन्मुख हुने छन्। नेपालको संविधानमा सङ्घीय निजामती कर्मचारी, प्रदेश र स्थानीय सेवाका कर्मचारी रहने व्यवस्था छ। वर्तमान सरकारले तयार गरेको निजामती सेवा ऐनको मसौदामा हालका लागि सङ्घीय सरकारबाटै प्रदेशमा प्रमुख सचिव र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने व्यवस्था प्रस्तावित छ। लेखातर्फका कर्मचारी केन्द्रबाटै खटिएका छन्। सूचना प्रविधिका कर्मचारीले राष्ट्रियस्तरको सफ्टवेयरमा आबद्ध भएरै काम गरिरहेका छन्। पञ्जीकरणको सफ्टवेयर, राष्ट्रिय परिचयपत्रको 'पोर्टल', 'सूत्र' नामक लेखापालनको सफ्टवेयर आदि हुन्। आमनिजामती कर्मचारीले अदालत, सेना, प्रहरी सरह तिनै तहको सरकारमा पदस्थापन, सरुवा, बढुवा हुन मिल्ने एकीकृत कर्मचारी सङ्गठनको अपेक्षा गरेका छन्। प्रदेश सरकार र स्थानीय सरकारले संविधानमा व्यवस्था भएकाले मात्रै आफ्नै कर्मचारीको कुरा गरेका हुन्। आखिर प्रदेश सरकार र स्थानीय सरकारले कर्मचारीका हकमा राजनीतिक नियुक्ति गर्न पाउने होइन। सबै कर्मचारी प्रदेश लोक सेवा आयोगबाटै नियुक्त हुने हुन्। संविधानमा रहेका यससम्बन्धी सबै प्रावधान हटाई एकीकृत निजामती सेवाको व्यवस्था गर्नु पर्छ। प्रदेश लोक सेवा आयोग खारेज गर्नु पर्छ। यसले निजामती प्रशासन दह्रो हुन्छ। तिनै तहका सरकारका लागि निजामती कर्मचारी सहयोगी र उपयोगी बन्ने छन्।

उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने प्रस्ताव धेरैको हो। यसलाई अबको संविधान संशोधनले साकार रूप दिनु पर्छ। प्रधानमन्त्री, सभामुख र विपक्षी दलको नेता रहने गरी संवैधानिक परिषद् तीन सदस्यीय बनाउनु पर्छ। प्रतिनिधि सभामा कुनै पनि विधेयक टेबुल भएपछि प्रतिनिधि सभाबाट सात दिनमा र राष्ट्रिय सभाबाट सात दिनमा अन्तिम निकास दिनुपर्ने प्रबन्ध गर्नु पर्छ। यसले अध्यादेशमार्फत कानुन जारी गर्नुपर्ने बाध्यतालाई विश्राम दिने छ। हाल संविधानमा व्यवस्था गरिएका संवैधानिक आयोगको सङ्ख्या घटाई तिनमा रहने पदाधिकारीको सङ्ख्या पनि तीन जनामा सीमित गर्न सकिन्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## बङ्गलादेशमा ट्रक दुर्घटना : १५ जनाको मृत्यु

***ढाका, जेठ ११ गते ।***

मध्य बङ्गलादेशमा प्रमुख राजमार्गमा सोमबार बिहान भएको भीषण ट्रक दुर्घटनामा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने अन्य १० जना घाइते भएका छन् । फलामको रड र अतिरिक्त यात्रु बोकेको उक्त ट्रक अनियन्त्रित भई पल्टिँदा ठुलो मानवीय क्षति भएको प्रहरीले जनाएको छ ।




दुर्घटना राजधानी ढाकाबाट करिब ८३ किलोमिटर उत्तर-पश्चिममा पर्ने टाङ्गैल जिल्लाको सोराटोल क्षेत्रमा बिहान करिब ५ बजे भएको हो । स्थानीय प्रहरी प्रमुख फुआद हुसेनका अनुसार चालकले नियन्त्रण गुमाएपछि ट्रक सडकमा पल्टिएको थियो ।

उहाँका अनुसार ट्रकले हिचहाइक (यात्राका लागि लिफ्ट लिएका) यात्रुहरू बोकेको थियो र ढाकाबाट उत्तरी क्षेत्रतर्फ जाँदै थियो । दुर्घटनापछि घटनास्थलमै धेरै यात्रुको मृत्यु भएको पुष्टि गरिएको छ ।

घटना इस्लामिक पर्व ईद अल-अधा अघि यात्रुहरूको चहलपहल बढिरहेका बेला भएको हो । आगामी बिहीबार मनाइने उक्त पर्वका लागि धेरै मानिसहरू आफ्नो परिवारसँग भेट्न देशभर यात्रा गरिरहेका छन् ।

प्रहरीका अनुसार दुर्घटनामा परेकामध्ये अधिकांश दैनिक ज्यालादारीमा काम गर्ने मजदुर रहेका थिए । उनीहरू चाडपर्वका लागि आफ्ना परिवारसँग पुनः भेट गर्न यात्रा गरिरहेका थिए ।

प्रत्यक्षदर्शीहरूले स्थानीय टेलिभिजन च्यानलहरूलाई बताएअनुसार ठुलो आवाज सुनेपछि उनीहरू घटनास्थलमा पुगेका थिए । त्यसपछि फसेका यात्रुहरूलाई उद्धार गर्ने प्रयास गरिएको थियो ।

बङ्गलादेशमा यस्ता सडक दुर्घटना बारम्बार हुने गरेका छन् । सत्र करोडभन्दा बढी जनसङ्ख्या भएको यस देशमा ट्राफिक नियमको कमजोर पालना, खराब सडक अवस्था र लापरवाह ड्राइभिङका कारण प्रत्येक वर्ष हजारौँ मानिसको ज्यान जाने गरेको अधिकारीहरूले जनाएका छन् ।

## अमेरिका-इरान वार्ता अन्तिम चरणमा, सहमतिको प्रतीक्षा

तेहरान, जेठ ११ गते ।

अमेरिकी राष्ट्रपति कार्यालयले इरानसँग भइरहेको सम्भावित सम्झौताबारे अन्तिम निर्णय आउन अझै केही दिन लाग्न सक्ने जनाएको छ । आइतबार सार्वजनिक एक अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको रिपोर्टअनुसार, उक्त सम्झौताले इरानको नेतृत्व तहबाट औपचारिक स्वीकृति प्राप्त गर्न केही समय लिन सक्ने बताइएको हो ।



रिपोर्टमा उद्धृत एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार दुवै पक्षबिच सकारात्मक प्रगति भइरहेको छ र केही दिनभित्र सम्झौता सम्पन्न हुन सक्ने अपेक्षा गरिएको छ । यद्यपि, सम्झौता अझै अन्तिम चरणमा रहेकाले सबै प्रक्रिया पूरा भएपछि मात्र औपचारिक घोषणा गरिने जनाइएको छ ।

यस सम्भावित सम्झौताले क्षेत्रीय शान्ति तथा आणविक कार्यक्रमसम्बन्धी चासोलाई सम्बोधन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यद्यपि, यस विषयमा विस्तृत सहमति सार्वजनिक भइसकेको छैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि आफ्ना प्रतिनिधिहरूलाई वार्तामा धैर्यता र सावधानी अपनाउन सुझाव दिएको बताउनुभयो । उहाँले दुवै पक्षले पर्याप्त समय लिएर सोचविचारपूर्वक उचित निर्णयमा पुग्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ । साथै, अमेरिकाले इरानका बन्दरगाहहरूमाथि लागू गरेको नाकाबन्दी सम्झौता औपचारिक रूपमा स्वीकृत, प्रमाणित र हस्ताक्षर नभएसम्म यथावत् रहने जानकारी पनि दिइएको छ ।

## बारामा ...

बनाउन सहज हुनेछ।

एक व्यवसायीको भनाइः

“पहिलो पटक यति व्यवस्थित ढंगले व्यवसायको विवरण संकलन भइरहेको अनुभव भयो। सरकारले सही तथ्याङ्कका आधारमा योजना बनाओस् भन्ने अपेक्षा छ।”

एक उद्योगीको भनाइः

“औद्योगिक क्षेत्रको वास्तविक अवस्था सरकारसमक्ष पुग्नुपर्छ। यसले भविष्यमा लगानी र रोजगारी बढाउन मद्दत पुऱ्याउन सक्छ।”

प्रश्नः सुपरिवेक्षकहरूको भूमिका के हो?

उत्तरः सुपरिवेक्षकहरूले गणकहरूको कामको अनुगमन, तथ्याङ्कको गुणस्तर परीक्षण तथा दैनिक प्रगति मूल्यांकन गरिरहेका छन्। आवश्यक परे स्थलगत निरीक्षण र डाटा प्रमाणीकरणसमेत गरिँदै आएको छ।

प्रश्नः डाटा अपलोडमा कुनै समस्या छ?

उत्तरः केही स्थानमा इन्टरनेट तथा प्राविधिक समस्याका कारण डाटा अपलोडमा ढिलाइ भएको छ। तर समस्या समाधान गर्दै नियमित रूपमा डाटा अपलोड भइरहेको छ।

प्रश्नः राष्ट्रिय तथ्याङ्क कार्यालयको भूमिका के हो?

उत्तरः राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथलीले देशभरका जिल्ला आर्थिक गणना कार्यालयमार्फत समन्वय, प्राविधिक सहयोग, अनुगमन तथा निर्देशन प्रदान गर्दै गणनालाई व्यवस्थित रूपमा अघि बढाइरहेको छ।

प्रश्नः बारा जिल्लाको आर्थिक महत्व किन विशेष छ?

उत्तरः बारा जिल्ला नेपालको महत्वपूर्ण औद्योगिक तथा व्यापारिक केन्द्र हो। पथलैया औद्योगिक क्षेत्र, सिमरा करिडोर तथा सीमावर्ती व्यापारिक गतिविधिका कारण जिल्लाको आर्थिक गतिविधि अत्यन्त सक्रिय छ। यहाँ ठूला उद्योगदेखि साना व्यवसायसम्मको उल्लेखनीय उपस्थिति रहेको छ।

प्रश्नः जिल्ला प्रशासन, उद्योग वाणिज्य संघ र स्थानीय तहहरूको सहयोग कस्तो छ?

उत्तरः अत्यन्त सकारात्मक छ। जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ तथा जिल्लाका सबै स्थानीय तहहरूले गणना कार्यमा सक्रिय सहयोग गरिरहेका छन्।

प्रश्नः नागरिकले किन सहयोग गर्नुपर्छ?

उत्तरः यो राष्ट्रिय अभियान भएकाले सही तथ्याङ्कका आधारमा मात्रै सरकारलाई प्रभावकारी नीति बनाउन सम्भव हुन्छ। त्यसैले गणकहरू पुग्दा सही विवरण उपलब्ध गराउनु सबै नागरिकको जिम्मेवारी हो।

प्रश्नः बाँकी काम कहिले सम्पन्न हुन्छ?

उत्तरः बाँकी १९ प्रतिशत काम पनि तोकिएको अवधि अर्थात २०८३ असार ७ गतेभित्र सम्पन्न हुने अपेक्षा गरिएको छ।

## विज्ञापन...

दिने निर्णयले निजी सञ्चारमाध्यम र श्रमजीवी पत्रकारमाथि प्रत्यक्ष असर परेको बताइन्। उनले सरकारी सूचना वितरणमा समान पहुँच सुनिश्चित गर्न तथा सञ्चारमैत्री कानुन निर्माण गर्नुपर्नेमा जोड दिइन्।

ज्ञापनपत्र बुझ्दै राष्ट्रियसभा अध्यक्ष दाहालले सरकारी र निजी सञ्चारमाध्यमबीच विभेद गर्नु उचित नभएको बताएका छन्। उनले सरकारको निर्णयले नेपालको पत्रकारिता क्षेत्र खुम्चिने अवस्था सिर्जना गरेको महसुस भएको उल्लेख गरे।

महासंघले सरकारी विज्ञापन वितरणसम्बन्धी निर्णय सच्याउन साताव्यापी दबाबमूलक आन्दोलन जारी रहेको जनाएको छ। माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी पनि महासंघले दिएको छ।

## सीमावर्ती ...

सञ्चालन गरिरहेको आरोप छ। उनीहरूले पिकअप तथा ठूला सवारीसाधन प्रयोग गरी सामान सिधै गन्तव्यसम्म पुऱ्याउने गरेको स्रोतको दाबी छ।

स्थानीयका अनुसार कपडा, किराना, काजु-किसमिस, चकलेट लगायतका उच्च मूल्यका सामानहरूको अवैध ओसारपसार व्यापक रूपमा भइरहेको छ। सीमावर्ती नाकाहरूबाट रातभरि सक्रिय रूपमा तस्करी सञ्जाल सञ्चालन हुने गरेको उनीहरूको भनाइ छ।

यसैगरी नेपालबाट भारततर्फ फर्सीको बीउ ठूलो मात्रामा निकासी गर्ने तयारी भइरहेको र करिब तीन सय बोरा फर्सीको बीउ गोदाममा भण्डारण गरिएको बताइएको छ। अवसर मिल्नेबित्तिकै सीमापार पठाउने योजना रहेको स्रोतको दाबी छ।

तस्करी सञ्जालमा संलग्न खेन्ना गिरोह अन्य कारोबारीले पनि नेटवर्क विस्तार गर्दै पिपरपाती, कवही, गोठ, मटिअर्वा, छतवा र मुसहर्वा नाकासम्म आफ्नो पहुँच फैलाएको स्थानीयको आरोप छ।

पचरौता क्षेत्रमा फर्मालिनयुक्त माछा ‘बिलिङ’ गरेर विभिन्न बजारसम्म रातारात पुऱ्याइने गरेको गम्भीर आरोपसमेत स्थानीयले लगाएका छन्। यस्ता अखाद्य सामग्रीको खुलेआम ओसारपसारले जनस्वास्थ्यमा गम्भीर जोखिम बढाएको उनीहरूको भनाइ छ।

रामनगर क्षेत्र लागूऔषध तस्करीको ट्रान्जिट बिन्दु बनेको पनि स्थानीयको दाबी छ। गाँजा, अफिम र चरेसजस्ता लागूऔषध गोदाममा भण्डारण गरी भारततर्फ पठाउने गिरोह सक्रिय रहेको आरोप लगाइएको छ।

स्थानीयवासीले ठूला तस्करलाई संरक्षण दिइएको तर साना कारोबारीमाथि मात्र कारबाही केन्द्रित गरिएको आरोप लगाउँदै निष्पक्ष छानबिनको माग गरेका छन्। उनीहरूले नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई सीमावर्ती क्षेत्रमा कडाइका साथ निगरानी बढाएर तस्करी नियन्त्रण गर्न आग्रह गरेका छन्।

यसैबीच, यस क्षेत्रमा रौतहटको बंकुल, औरैया, नरकटिया तथा पर्साको छपकैया, इनरुवा, अलौ र सिरिसिया लगायतका नाकाबाट समेत समान प्रकृतिका अवैध गतिविधि भइरहेको स्थानीयको दाबी छ।

सरोकारवालाहरूले यस्ता गतिविधिले राजस्व, सुरक्षा, कानुनी शासन र जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको भन्दै तत्काल प्रभावकारी नियन्त्रण आवश्यक रहेको बताएका छन्। सुचना पयापत रुपमा दिईए पनि अल्मलाउने आरोप अस्विकार गर्दै आएका छन्। तर सिम्रौनगढ ईलाकावाट सिमा पार गरेपनिभारतियबएसएसबीले दैनिक अबैध मालसमान समात रहेका छन्।


## अधुरो ...

बारामार्फत निर्माण हुन लागेको उक्त भवन करिब २० लाख रुपैयाँ लागतमा निर्माण गरिने जनाइएको छ।


स्थानीयवासीका अनुसार लामो समयदेखि भवन अधुरो रहँदा स्वास्थ्य सेवा प्रवाह प्रभावित हुँदै आएको थियो। पुनःनिर्माणसँगै अब स्थानीय नागरिकले थप व्यवस्थित र गुणस्तरीय स्वास्थ्य सेवा पाउने अपेक्षा गरिएको छ।


निर्माण सम्पन्न भएपछि स्वास्थ्य परीक्षण, उपचार तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार हुनुका साथै सेवा प्रवाह थप प्रभावकारी बन्ने विश्वास व्यक्त गरिएको छ। यसले ग्रामीण क्षेत्रको स्वास्थ्य सेवाको स्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।


शिलान्यास कार्यक्रममा स्थानीय समाजसेवी, बुद्धिजीवी, जनप्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले स्वास्थ्य चौकीको स्तरोन्नतिले बरवा परता आसपासका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने धारणा राखेका छन्।


तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सहकारी छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णय

***काठमाडौं, जेठ ११ –***
सरकारले सहकारी क्षेत्रमा देखिएको अनियमितता सम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको छ।
सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सहकारी बेथिति जाँचबुझ आयोग २०८२ को प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको हो।
सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै उक्त प्रतिवेदन सार्वजनिक गर्ने जानकारी दिएका छन्।
उनका अनुसार सहकारी क्षेत्रमा देखिएका अनियमितता, समस्या



तथा सुधारका सुझाव समेटिएको प्रतिवेदन अब सार्वजनिक गरिनेछ। सरकारले सहकारी क्षेत्रमा देखिएको संकट समाधान तथा पारदर्शिता बढाउने उद्देश्यले उक्त आयोग गठन गरेको थियो। प्रतिवेदन सार्वजनिक भएपछि त्यसका निष्कर्ष र सिफारिस कार्यान्वयनतर्फ जाने अपेक्षा गरिएको छ।

# देउवा दम्पतिको पक्राउ पुर्जीबारे सर्वोच्चको अन्तरिम आदेश

***काठमाडौं, जेठ ११ –***
सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा जारी गरिएको पक्राउ पुर्जीलाई लिएर कानुनी विवाद उत्पन्न भएको छ। सोही विषयमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै पक्राउ नगर्न-नगराउन निर्देशन दिएको छ।
गत वैशाख १८ गते जारी अध्यादेशअनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गर्ने मुद्दा विशेष अदालतमा दायर हुने व्यवस्था रहेको छ। तर सो कानुनी व्यवस्था विपरीत काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरिएको भन्दै निवेदक पक्षले सर्वोच्च अदालतमा प्रश्न उठाएको थियो।
निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै



सर्वोच्च अदालतले जिल्ला अदालतबाट जारी भएको उक्त पक्राउ पुर्जीका आधारमा कुनै पनि प्रकारको पक्राउ नगर्न तथा नगराउन अन्तरिम आदेश जारी गरेको हो।
यस घटनाले अनुसन्धान र अभियोजनको अधिकार क्षेत्र सम्बन्धी विवादलाई सतहमा ल्याएको छ। कानुनविद्हरूका अनुसार अध्यादेशमार्फत तोकिएको विशेष अदालतको अधिकार क्षेत्र र जिल्ला अदालतको भूमिकाबीचको असमझदारीका कारण यस्तो विवाद देखिएको हुनसक्ने बताइएको छ।

# पारिश्रमिक र पारदर्शिताको माग गर्दै पोखरिया नगरपालिकाविरुद्ध युवाहरूको प्रदर्शन

***संवाहक सम्वादाता-११ जेष्ठ, कलैया***
पर्साको पोखरिया नगरपालिकाविरुद्ध युवाहरूले सोमबार विरोध प्रदर्शन गरेका छन्। सूचना माग्दा उपलब्ध नगराइएको, काम गरेबापतको पारिश्रमिक नदिइएको तथा विभिन्न अनियमितता भएको आरोप लगाउँदै उनीहरूले नगरपालिका कार्यालय अगाडि प्रदर्शन गरेका हुन्। प्रदर्शनमा सहभागी युवाहरूले नगरपालिकाले पारदर्शी ढंगले काम नगरेको आरोप लगाएका छन्। रोजगार तथा विकाससम्बन्धी कार्यक्रममा सहभागी भएका व्यक्तिहरूलाई समयमै तलब तथा भुक्तानी नदिइएको उनीहरूको गुनासो छ। प्रदर्शनकारीहरूका अनुसार पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर सडक आन्दोलनमा उत्रिनुपरेको हो। उनीहरूले नगरपालिकाको प्रशासनिक कार्यशैली अपारदर्शी भएको आरोप लगाउँदै सार्वजनिक





जवाफदेहिताको माग गरेका छन्। एक पूर्व कर्मचारीले नगरपालिकाले ठगी शैलीमा कर्मचारी भर्ना गरेको आरोप लगाएका छन्। उनले विभिन्न व्यक्तिबाट रकम असुलेर रोजगारीको आश्वासन दिइए पनि १२ महिनासम्मको तलब नदिइएको दाबी गरे। विभिन्न आश्वासन देखाएर कर्मचारीहरूलाई आर्थिक तथा मानसिक रूपमा विचलित बनाइएको उनको आरोप छ।
प्रदर्शनकारीहरूले सार्वजनिक सूचना सहज रूपमा उपलब्ध गराउन, बेरुजु तथा खर्च विवरण सार्वजनिक गर्न, रोजगारसम्बन्धी कार्यक्रम पारदर्शी बनाउन तथा युवामैत्री नीति लागू गर्न माग गरेका छन्। उनीहरूले नगरपालिकामा योजनाको बजेट वितरणदेखि कर्मचारी व्यवस्थापनसम्म अनियमितता भएको आरोप लगाउँदै आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्।
यता नगरपालिकाका पदाधिकारीहरूले भने उठाइएका विषयबारे छलफल भइरहेको र आवश्यक प्रक्रिया अघि बढाइने बताएका छन्। नगरपालिकाले समस्याको समाधानका लागि संवादमार्फत निष्कर्ष निकाल्ने तयारी भइरहेको जनाएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


# विज्ञापन निर्णयविरुद्ध महासंघद्वारा सभामुख र राष्ट्रियसभा अध्यक्षलाई ज्ञापनपत्र

***काठमाडौं, जेठ ११ –***
सरकारी सूचना (विज्ञापन) सरकारी सञ्चारमाध्यमलाई मात्र दिने निर्णयको विरोधमा आन्दोलनरत Nepal Journalists Federation ले सभामुख र राष्ट्रियसभा अध्यक्षलाई ज्ञापनपत्र बुझाएको छ।
सरकारी सूचना वितरणमा विभेद हटाउन तथा श्रमजीवी पत्रकारको पक्षमा पहल गर्न माग गर्दै महासंघले सोमबार सभामुख डोल प्रसाद अर्याल र राष्ट्रियसभा अध्यक्ष नारायण प्रसाद दाहाललाई ज्ञापनपत्र बुझाएको हो।
महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी निर्णय सच्याउन, सूचनाको पहुँचमा नियन्त्रण नगर्न,



श्रमजीवी पत्रकारको हित संरक्षण गर्न तथा सरकारी सूचना वितरणमा गरिएको विभेद अन्त्य गर्न माग गरेको छ।
राष्ट्रियसभा अध्यक्षलाई ज्ञापनपत्र बुझाउँदै महासंघकी अध्यक्ष ल्च्कबबि क्जबकब ले खर्च कटौतीको बहानामा सबै तहका सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र

बाँकी तेस्रो पृष्ठमा

# अधुरो स्वास्थ्य चौकी भवनले पायो नयाँ गति, बरवा परतामा पुन:निर्माणको शुभारम्भ

कलैया, जेठ ११ –
लामो समयदेखि अधुरो अवस्थामा रहेको बाराको कलैया उपमहानगरपालिका-२७, बरवा परता टोलस्थित स्वास्थ्य चौकी भवन पुन:निर्माण प्रक्रियाले नयाँ गति पाएको छ। दुई तले भवन पुन:निर्माण कार्यको आइतबार औपचारिक शिलान्यास गरिएको हो।
वडाध्यक्ष अशोककुमार तिवारी तथा स्वास्थ्य चौकी इन्चार्ज भागिरत साहले संयुक्त रूपमा भवन निर्माण कार्यको शिलान्यास गर्दै स्थानीय स्वास्थ्य पूर्वाधार सुदृढीकरणतर्फ महत्वपूर्ण कदम



चालिएको बताएका छन्।
मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयबाट आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित बजेटअन्तर्गत पूर्वाधार विकास कार्यालय कलैया,

बाँकी तेस्रो पृष्ठमा

# वरिष्ठ पत्रकार किशोर श्रेष्ठमाथि दबाबको आरोप, पत्रकार संगठनहरूको विरोध

***संवाहक सम्वादाता-११ जेष्ठ, कलैया***
प्रेस काउन्सिल नेपालका पूर्वअध्यक्ष तथा जनआस्था साप्ताहिकका प्रधान सम्पादक वरिष्ठ पत्रकार किशोर श्रेष्ठ माथि राज्य संयन्त्रको दुरुपयोग गर्दै धरपकडको तयारी गरिएको आरोप लगाउँदै पत्रकार सम्बद्ध संघ-संस्थाहरूले विरोध जनाएका छन्।
प्रेस चौतारी नेपाल ले महासचिव हिरामान लामा द्वारा जारी विज्ञप्तिमार्फत पत्रकार श्रेष्ठमाथि निरन्तर धम्की, निगरानी तथा मानसिक दबाब सिर्जना गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।
विज्ञप्तिमा जनआस्था साप्ताहिक तथा जनआस्था डटकममा प्रकाशित समाचारलाई आधार बनाएर पत्रकार श्रेष्ठलाई लक्षित गरी धरपकड, धम्की तथा समाचार स्रोत खुलाउन दबाब दिने प्रयास भएको दाबी गरिएको छ।



संगठनले यसलाई स्वतन्त्र प्रेसमाथिको प्रत्यक्ष प्रहार र अलोकतान्त्रिक कदमको संज्ञा दिएको छ।
पत्रकार श्रेष्ठले आफूमाथि लगाइएका आरोपबारे निष्पक्ष छानबिनको माग गरिरहेका बेला उल्टै दबाब बढाइएको भन्दै प्रेस चौतारीले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेको छ।
यसैगरी प्रेस सेन्टर नेपाल का महासचिव मनोज घर्ती ले पनि छुट्टै विज्ञप्ति जारी गर्दै घटनाको विरोध जनाएका छन्। उनले प्रेस स्वतन्त्रतामाथि हुने कुनै पनि हस्तक्षेप अस्वीकार्य रहेको बताएका छन्।

# बारामा अवैध सामानसहितको मोटरसाइकल नियन्त्रणमा

***संवाहक सम्वादाता-११ जेष्ठ, कलैया***
बारा प्रहरीले भन्सार छली गरी ल्याइएका विभिन्न सामानसहित एक मोटरसाइकल नियन्त्रणमा लिएको छ।
जिल्ला प्रहरी कार्यालय बाराका अनुसार नेपाल प्रहरी अन्तर्गत इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको गस्ती टोलीले सोमबार बिहान सिम्रौनगढ नगरपालिका-११, लक्ष्मीनिया टोल क्षेत्रमा उक्त सामान बरामद गरेको हो। प्रहरीका अनुसार भारतबाट नेपालतर्फ भन्सार छली गरी ल्याइँदै गरेको अवस्थामा नम्बर प्लेट नखुलेको मोटरसाइकलसहित सामान बरामद गरिएको हो। प्रहरी टोलीलाई देखेपछि मोटरसाइकल चालक फरार भएको बताइएको छ। बरामद गरिएको सामानमा करिब १५० किलो चिनी (३ बोरा) र १२ कार्टुन माउन्टेन डिउ रहेको प्रहरीले जनाएको छ। बरामद सामानको अनुमानित मूल्य करिब २२ हजार ८ सय रुपैयाँ रहेको छ।
प्रहरीले बरामद सामान र मोटरसाइकल नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।